कृष्णनगर नगरपालिका

आ.ब. २०८०/८१ को

# बजेट वक्तव्य

यस कृष्णनगर नगरपालिकाको दशौं नगर सभाका आदरणीय सभाअध्यक्षज्यू, नगर सभाका सचिवज्यू, सम्पूर्ण नगरसभाका सदस्यज्यूहरु, कर्मचारीज्यूहरु र पत्रकारज्यूहरु ।

१. स्थानीय तह जनताको सबैभन्दा नजिकको घर दैलोको सरकार हो । जनताको चाहना र हाम्रो क्षमता बीच सन्तुलन कायम गर्दै विकासको प्रतिफललाई संस्थागत गर्दै जान कृष्णनगर नगरपालिकाको यस दशौं नगरसभा समक्ष आर्थिक वर्ष २०८०/८१ को वार्षिक बजेट प्रस्तुत गर्न पाउँदा मैले हर्षोल्लित अनुभुति गरेको छु ।

सभाका आदरणीय सभाअध्यक्षज्यू अब म आ.व. २०८०/०८१ को बजेटका उद्देश्य र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्य र प्राथमिकताहरुः**

क) मुलुकमा विद्यमान अर्थिक मन्दीले पारेको सबै क्षेत्रको जोखिम न्यूनीकरण गर्दै गरिब, दलित महिला र विपन्न लक्षित कार्यक्रमलाई प्राथमिकता दिने ।

ख) कृषि, शिक्षा, पर्यटन रोजगारी सृजना र पूर्वाधार विकास जस्ता समृद्धिको मूल आधारलाई सार्थक बनाउने गरि नगरको समग्र विकास र प्रशासनिक संयन्त्र प्रभावकारी बनाउदै सुशासन प्रवर्द्धन गर्ने ।

ग) शहरी पूर्वाधारको दिगो विकासका माध्यमबाट जन आपेक्षा अनुरुप सुशासनयुक्त, समृद्ध, स्वस्थ र खुसी नगरबासीको प्रतिबद्धित लक्ष्य प्राप्त गर्ने ।

घ) आर्थिक एवं सामाजिक पूर्वाधार विकास गर्दै व्यवस्थित सहरीकरण मार्फत सुलभ, दिगो, सुरक्षित र सुन्दर नगर स्थापित गर्ने ।

ङ) नगर क्षेत्रका सबै आर्थिक क्रियाकलापलाई करको दायरा भित्र ल्याउन राजश्व संयन्त्रको सुदृढीकरण मार्फत आत्मनिर्भरता तर्फ उन्मूख हुँदै जाने ।

च) श्रोत साधन, अवसर, समावेशीकरण र जिम्मेवारीको उच्चतम एवं उत्पादनमुखी उपयोग गर्ने ।

आदरणीय नगरसभाका सभाअध्यक्ष ज्यू,

अब म आ.व. २०८०/८१ को बजेट श्रोत तथा खर्चको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

१. चालू आ.ब. २०७९/८० को लागि कूल ८७ करोड ६७ लाख २५ हजार बजेट स्वीकृत भएकोमा रु ७५ करोड २३ लाख ६६ हजार ०६५ वास्तविक आय हुन आएको छ । यो कूल प्रक्षेपित आयको १४.१९ प्रतिशत अर्थात् रु १२ करोड ४३ लाख ५८ हजार ९५८ ले कमी हो ।

२. चालू आब को कूल बजेटको स्रोतहरु मध्ये संघीय सरकारको अनुदान तर्फ रु ५० करोड ०३ लाख ६३ हजार २०० प्रक्षेपण गरिएकोमा मिति २०८०।०३।०८ गते सम्म रु ४५ करोड ५७ लाख ३८ हजार २०० वास्तविक आम्दानी भएको छ । प्रदेश सरकार अनुदान तर्फ ४ करोड ८३ लाख १० हजार प्रक्षेपित आयमा २ करोड ६७ लाख ३२ हजार ५०० मात्र वास्तविक आय भएको छ । यसैगरी, राजश्व बाँडफाँड तर्फ १२ करोड १९ लाख ३५ हजार कूल आय अनुमानित भएकोमा ८ करोड ४७ लाख २६ हजार ५३६ र आन्तरिक अल्या र अन्य क्षेत्रको अनुमानित रु २० करोड ६१ लाख १६ हजार ८२४ मध्ये रु १८ करोड ५१ लाख ६८ हजार ८२८ यथार्थ आय भएको छ ।

आदरणीय सभाकासभा अध्यक्षज्यूहरु

३. आन्तरिक राजश्व तर्फ २०८० साल जेष्ठ मसान्त सम्म वडाहरुबाट रु ४९ लाख १२ हजार ५६७ भएको छ, नगरपालिकाबाट रु ४९ लाख ११ हजार ०४५ भन्सार ब्यारियरबाट रु ४९ लाख ५४ हजार २०० र अन्य ठेक्काबाट रु १७ लाख ७६ रुपैयाँ गरी कूल १ करोड ६५ लाख ७ हजार ८८८ यथार्थ आन्तरिक राजश्व प्राप्त भएको छ ।

४. चालू आ.ब. को वार्षिक स्वीकृत बजेट अनुसार हाल सम्म चालू तर्फ रु २७ करोड १७ लाख २३ हजार र पुंजीगत तर्फ १४ करोड १९ लाख ६३ हजार गरी कूल रु ४१ करोड ३६ लाख ८६ हजार अर्थात् वास्तविक आयको ५४.९८ प्रतिशत खर्च भई ३३ करोड, ८६ लाख ८० हजार (४५.०२ प्रतिशत) बैंक मौज्दात रहेको छ ।

आदरणीय सभाका सभाअध्यक्षज्यू, अब म आगामी आ.ब २०८०/८० को लागि प्रक्षेपित आय व्यय प्रस्तुत गर्न चाहन्छु ।

आय तर्फः

| आय स्रोत | आय रु. |
|---|---|
| **प्रद्रेश** समानीकरण | १,१९,५२,००० |
| शसर्त चालु | २१,५०,००० |
| समपुरक | १,५०,००,००० |
| शसर्त पुजीगत | ८०,००,००० |
| राजश्व बाँडफाँड | ९१,०४,१२५ |
| विषेश | ० |
| | ४,६२,०६,१२५ |
| **संघीय** समानीकरण | १५,७७,००,००० |
| शसर्त चालु | २६,३४,००,००० |
| समपुरक | ५०,००,००० |
| शसर्त पुजीगत | १,०४,००,००० |
| राजश्व बाँडफाँड | १२,९४,८०,००० |
| विषेश | २,००,००,००० |
| | **५८,५९,८०,०००** |
| **आन्तरिक आय** | २,७५,००,००० |
| चालू आ ब अल्या | २,००,००,००० |
| सडक बोर्ड | ४३,००,००० |
| जिल्ला समन्वय समिति | ६०,००,००० |
| | **५,७८,००,०००** |
| **कूल** | **६८,९९,८६,१२५** |

व्यय तर्फः

| विवरण | आगामी आ ब २०८०/८१ व्यय रु. |
|---|---|
| चालू प्रशासनिक खर्च, कर्मचारी तथा पदाधिकारीको सेव सुविधा, कार्यालय व्यवस्थापन आदि | १३,५०,३६,१२५ |
| पुँजीगत | १२,०७,००,००० |
| वडा तर्फ | ७,८४,५५,००० |

| | |
|---|---|
| नगरपालिका तर्फ | ४,२२,४५,००० |
| चालू वर्षको दायित्व | १०,००,००,००० |
| शसर्त समपुरक र विशेष अनुदान अन्तर्गत चालू तथा पुँजीगत क्षेत्रमा हुने खर्च | ३३,४२,५०,००० |
| | ६८९९८६१२५ |

आ.ब. २०८०/८१ को लागि नगरपलिका तथा वडा स्तरमा तोकिएको सीमा भित्र रहेर योजना तथा कार्यक्रम तर्जुमा गर्दा विषयगत क्षेत्रमा देहाय बमोजिमको प्रतिशतले रकम निर्धारण गरेर कार्यक्रम तथा योजना बनेको अनुमान गरेको छु ।

तपसील:

| सि नं. | विषयगत क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक विकास | १० प्रतिशत |
| २ | सामाजिक विकास | १५ प्रतिशत |
| ३ | पूर्वाधार विकास | ६० प्रतिशत |
| ४ | वन तथा वातावरण संरक्षण | ८ प्रतिशत |
| ५ | सुशासन प्रवर्द्धन | ७ प्रतिशत |
| | **कूल** | **१०० प्रतिशत** |

यस नगरका जनताको आवश्यकता, चाहनाको परिपूर्ति गर्न तथा समृद्ध कृष्णनगर निर्माणको लागि यस बजेट तथा कार्यक्रमले सहयोग पुग्ने विश्वास लिएको छु । यस बजेट निर्माणको क्रममा पुऱ्याउनु भएको सहयोगको लागि नगर प्रमुखज्यू प्रति हार्दिक आभार प्रकट गर्नुका साथै रचनात्मक सुझाव प्रदान गर्नुहुने तथा अनवरत लागि पर्नुहुने जनप्रतिनिधिज्यूहरु तथा कर्मचारीहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्नचाहन्छु ।

धन्यबाद ।

आरती चौधरी

आरती देवी चौधरी

नगर उप-प्रमुख

| कृष्णनगर नगरपालिका | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| नगर कार्यपालिकाको कार्यालय | | | | | | | | |
| कृष्णनगर, कपिलवस्तु | | | | | | | | |
| | | आय तर्फ रु. | | व्यय तर्फ रु. | | | | |
| सि नं. | विवरण | चालु आ व २०७९/८० प्रस्तावित आय | आगामी आ व २०८०/८१ | चालु आ व २०७९/८० | पुंजीगत आ व २०७९/८० | विवरण | आगामी आ व २०८०/८१ | |
| १ | प्रद्रेश समानीकरण | १०३१०००० | ११९५२००० | ० | ३३७०००० | चालू | १३५०३६१२५ | |
| २ | शसर्त चालु | ११०००००० | २१५०००० | ० | ४१९३००० | पुँजीगत | १२०७००००० | |
| ३ | समपुरक | २०००००००० | १५०००००० | ० | १०७००००० | चालू वर्षको दायित्व | १०००००००० | ३५५७३६१२५ |
| ४ | शसर्त पुँजीगत | ० | ८०००००० | ० | ० | शसर्त समपुरक र विशेष | ३३४२५०००० | |
| ५ | राजश्व बाँडफाँड | २५७९४००० | ९१०४१२५ | ३५३८००० | ४१२५००० | | ६८९९८६१२५ | |
| ६ | विषेश | ७०००००० | ० | ४४९००० | ० | | | |
| ७ | संघीय समानीकरण | १८२२००००० | १५७७००००० | १८०११००० | ४९८५३००० | | | |
| ८ | शसर्त चालु | २५७४००००० | २६३४००००० | १४९३९७००० | | | | |
| ९ | समपुरक | १०००००००० | ५०००००० | ० | ० | | | |
| १० | शसर्त पुँजीगत | ३६७६३००० | १०४००००० | ० | ११९४६००० | | | |
| ११ | राजश्व बाँडफाँड | ९६१४२००० | १२९४८०००० | ५६१९९००० | १०६३१००० | | | |
| १२ | विषेश | १४०००००० | २०००००००० | ० | ४०१२००० | | | |
| १३ | आन्तरिक आय अल्या | १७०३७०००० | ४७५००००० | ० | २३७६९००० | | | |
| १५ | सडक बोर्ड | ४२००००० | ४३००००० | ४४१२९००० | ४१०२००० | | | |
| १६ | जिल्ला समन्वय समिति | ३१५४६००० | ६०००००० | ० | ८०६२००० | | | |
| कूल | | ८७६७२५००० | ६८९९८६१२५ | २७१७२३००० | १४१९६३००० | | | |
| | | ४६३०३९००० | अनुमानुसार मौज्दात | | | | | |
| | | ३३८६८००६५ | वास्तविक मौज्दात | ४१३६८६००० | प्रस्तावित आयको खर्च ४७ प्रतिशत हो, वास्तविक आयको ५४.९८ प्रतिशत हो | | | |
| चालू आ व मा कूल प्रस्तावित आय रु ८७,६७,२५,००० मध्ये रु ७५,२३,६६,०६५।३५ वास्तविक आय हुन आएको छ जुन १४।१९ प्रतिशत अर्थात् रु १२,४३,५८,९५८।६५ ले कमी हो । | | | | | | | | |